नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

**प्रदेश नं. ७ बाट राष्ट्रिय युवा प्रतिभा सम्मानका लागि मनोनयन पेश गर्ने सम्बन्धी सूचना**

चालु आ.व.०७५/७६ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस मन्त्रालयबाट अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा आगामी २०७५ श्रावण २७ गते (अगस्ट १२, २०१८) का दिन प्रदान गरिने **राष्ट्रिय युवा प्रतिभा सम्मान**का लागि यस मन्त्रालयको ***राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि, २०७२*** *(पहिलो संशोधन)* अनुसार मिति ०७५/०२/२१मा गो.प. मा सूचना प्रकाशित गरिएकोमा प्रदेश नं. ७ बाट पर्याप्त मनोनयन दर्ता हुन नआएको हुँदा पुन तीन दिनको सूचना गरिएको छ। ***राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि, २०७२*** *(पहिलो संशोधन)* मा उल्लेख भएका विधा र क्षेत्रमा उदाहरणीय एवम् उत्कृट कार्य गरेका प्रदेश नं. ७ का युवा, युवा समूह वा युवा संस्थाको विवरण र मुख्यमुख्य योगदान खुल्ने कागजातहरू संलग्न राखी मिति २०७५ श्रावण १७ गते अपरान्ह ५:०० बजे भित्र युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबारमा मनोनयन दर्ता गराई उत्कृष्ट युवा पहिचानमा सहयोग गरिदनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रसारण/प्रकाशन गरिएको छ। राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि मन्त्रालयको वेभसाईट www.moys.gov.np मा समेत उपलब्ध छ । थप जानकारीका लागि मन्त्रालयको फोन नं. ०१-४२००५४४ मा सम्पर्क गर्न सकिनेछ ।मनोनयन मन्त्रालयको इमेल youth.moys@gmail.com बाट पनि पठाउन सकिनेछ ।